# आर्थिक वर्ष रेइवा 6 साल प्रतिव्यक्ति आधारमा मात्र निवासी कर लाग्ने वर्गमा परेका नयाँ परिवारका लागि आपत्कालीन सहयोग अनुदान रकम (1 लाख येन, बालबालिकाका लागि थप रकम) सम्बन्धी सूचना

उपभोग्य वस्तुहरूको मूल्यवृद्धिको कारणले पर्ने थप भारलाई मध्यनजर गर्दै, घर खर्चमा ठूलो असर परेका प्रतिव्यक्ति आधारमा मात्र निवासी कर लाग्ने परिवारहरू प्रति लक्षित गरी, प्रति परिवार 1 लाख येन भुक्तानीका साथै, यो रकम प्राप्त गर्ने परिवारहरू मध्ये 18 वर्ष वा सोभन्दा कम उमेरका बालबालिका भएका परिवारलाई प्रति बालबालिका थप 50 हजार येन भुक्तान गरिनेछ ।

यो सूचना पठाइएको समयमा भुक्तानीको लागि योग्य हुनसक्ने परिवार (समीक्षाको नतिजाको आधारमा, भुक्तानी नगरिन पनि सक्छ) लाई पठाइएको हो । सँगै पठाइएका संलग्न पत्र पनि निश्चय गरी पछाडिको दायाँतिर रहेको प्रतिज्ञा र सहमतिका बुँदाहरू पूरा गर्ने परिवारहरूले माथि दिइएको म्याद सम्ममा रकम प्राप्त गर्ने प्रक्रिया गर्नुहोस्। साथै, आवेदन फारम पेश गरेमा, तपाईंले पछाडि सूचीबद्ध गरिएका वाचा र सहमतिका बुँदाहरू मा सहमत भएको मानिनेछ।

| | | |
|---|---|---|
| रकम भुक्तानीको दायरा | 1 लाख येन | **<u>रेइवा 6 साल जून 3 तारिखको दिन</u>**मा नागोया सहरको आधारभूत निवासी दर्ता पन्जिकामा नाम भइ, आर्थिक वर्ष रेइवा 6 सालको निवासी कर कुल आम्दानीको आधारमा सम्पूर्ण परिवारले कर छुट पाएको र त्यस मध्ये कम्तिमा पनि परिवारको 1 जना व्यक्तिलाई प्रतिव्यक्ति आधारमा मात्र निवासी कर लागुहुने परिवार<br>यद्यपि, निम्न अवस्थाहरूमा भुक्तानीको दायरामा पर्ने छैनन्:<br>• आर्थिक वर्ष रेइवा 5 सालको निवासी कर छुट पाएका परिवारहरू को लागि अनुदान रकम (70 हजार येन) र रेइवा 5 सालको प्रतिव्यक्ति आधारमा मात्र निवासी कर लागुहुने परिवारलाई दिइने(1 लाख येन) को दायरामा पर्ने परिवारहरू<br>• कर कानून अन्तर्गत निवासी करदाताको आश्रित आफन्तहरू आदि मात्र समावेश भएको परिवार |
| | बालबालिकाहरू को लागि थप रकम | **1 लाख येनका प्राप्त गर्ने दायरामा पर्ने परिवारहरू मध्ये, 18 वर्ष वा सो भन्दा मुनिका (हेइसेइ 18 साल अप्रिल 2 तारिख मा वा सो भन्दा पछि जन्मिएका) बालबालिका भएका परिवारहरू**<br>***बालबालिका को लागि थप रकम बारे जानकारीको लागि कृपया पछाडिको पृष्ठ हेर्नुहोस्।** |
| रकम प्राप्त गर्ने व्यक्ति | | घरको प्रमुख — *आवेदनपत्र पेस गरेपछि रकम ट्रान्सफरसम्म लगभग **<u>1 महिना जति</u>** लाग्नेछ। |
| भुक्तानी गरिने रकम | | **एक पटक मात्र भुक्तानी**<br>प्रति परिवार **1 लाख येन** ＋प्रति बालबालिका थप **50 हजार येन** |
| रकम प्राप्त गर्नको लागि प्रक्रिया | | 1. कृपया यस कागजको दायाँ पट्टि रहेको आवेदन फारममा ❶ देखि ❹ भर्नुहोस्।<br>2. यो कागज र आवेदन फारम <किरितोरी लाइन> को बाट काट्नुहोस्।<br>3. कृपया आवेदन फारमको पछाडि पट्टि आफ्नो बैंक खाता जानकारीको प्रतिलिपि संलग्न गर्नुहोस्।<br>4. कृपया आवेदन फारमलाई फिर्ता पठाउने खाममा राखेर मेलबक्समा हाल्नुहोस्।<br>(यदि तपाईं अरू को प्रतिनिधिको रूप मा रकम प्राप्त गर्न चाहनुहुन्छ र छुट्टै कागजातहरू पेश गर्न आवश्यक छ भने, आवश्यक कागजातहरू पनि संलग्न गर्न नबिर्सनुहोस्।) |

## <वाचा तथा सहमति विवरण> *निश्चित गर्न नछुटाउनुहोस्

आर्थिक वर्ष रेइवा 6 साल प्रतिव्यक्ति आधारमा मात्र निवासी कर लाग्ने वर्गमा परेका नयाँ परिवारका लागि आपत्कालीन सहयोग अनुदान रकम (1 लाख येन, बालबालिकाका लागि थप रकम) आवेदन पत्र पेस गर्दा, निम्न विवरणहरू वाचा गरि र सहमत छु।

(1) आर्थिक वर्ष रेइवा 6 साल प्रतिव्यक्ति आधारमा मात्र निवासी कर लाग्ने वर्गमा परेका नयाँ परिवारका लागि आपत्कालीन सहयोग अनुदान रकम (1 लाख येन, बालबालिकाका लागि थप रकम) (यसपछि “अनुदान रकम” भनिने ।) प्राप्त गर्नको लागि पुरा गरेको हुनुपर्ने सर्तहरू पुरा गरेको छु ।

(2) मेरो परिवारमा निवासी कर (आयमा आधारित कर) लाग्ने आय हुँदा हुँदै पनि आयव्यय विवरण पेस नगरेको व्यक्ति छैन।

(3) मेरो परिवार निवासी कर लागिरहेको व्यक्तिको कर ऐन अन्तर्गतको पालनपोषण (डिपेन्डेन्ट) नातेदार आदिले मात्र बनेको परिवार होइन।

(4) आर्थिक वर्ष रेइवा 5 सालको निवासी कर पुरै छुट पाएका परिवारहरू को लागि अनुदान रकम (70 हजार येन) अथवा रेइवा 5 सालको प्रतिव्यक्ति आधारमा मात्र निवासी कर लागुहुने परिवारलाई दिइने (1 लाख येन) को दायरामा पर्ने परिवारको सदस्य तथा उक्त घरपरिवारको घरमुली संलग्न घरपरिवार होइन ।

(5) मेरो परिवारमा कर सन्धि अन्तर्गतको छुट प्राप्त गरिरहेको व्यक्ति छैन।

(6) अनुदान रकम प्राप्त गर्नको लागि पूरा गरेको हुनुपर्ने सर्तहरू पूरा गरेको छ वा छैन आदि छानबिन आदि गर्नको लागि आवश्यकता अनुसार नागोया सहरले आधारभूत निवासी दर्ता पञ्जिकाको जानकारी, कर जानकारी जस्ता प्रशासनिक रेकर्डहरू आदि निश्चय गर्ने र नागोया सहरलाई आवश्यक कागजात प्रदान गर्ने अन्य प्रशासनिक निकायहरू आदिसँग माग गर्ने र प्रदान गर्ने कुरासँग म सहमत छु।

(7) प्रशासनिक रेकर्डहरू आदिमा निश्चय गर्न नसक्ने खण्डमा, म सम्बन्धित कागजातहरू पेस गर्नेछु।

(8) नागोया सहरले भुक्तानीको निर्णय गरेपछि आवेदनपत्रको अपूर्णताको कारण खाता ट्रान्सफर आदि पूरा नहुनुका साथै रेइवा 6 साल अक्टोबर 31 तारिख सम्ममा नागोया सहरले रकम प्राप्त गर्ने व्यक्तिलाई सम्पर्क गर्न वा निश्चय गर्न नसकेको खण्डमा नागोया सहरले यो आवेदन फिर्ता लिइएको भनेर मान्ने कुरासँग म सहमत छु ।

(9) अनुदान रकम भुक्तानी पछि यो आवेदनपत्रमा लेखिएका कुराहरू झूटो भएको कुरा पत्ता लागेमा वा अनुदान रकम प्राप्त गर्नको लागि पूरा गरेको हुनुपर्ने सर्तहरू पूरा नगरिएको कुरा पत्ता लागेमा, म यो अनुदान रकम फिर्ता गर्नेछु।

(10) आवेदनपत्रमा लेखिएको व्यक्तिगत जानकारीलाई यस सहरले कडाइका साथ व्यवस्थापन गर्नुका साथै यस सहरको भुक्तानी उद्देश्य बाहेकका कुराहरूमा प्रयोग नगर्ने कुरा र सम्बन्धित जानकारी 5 वर्षको अवधि भण्डारण गर्ने कुरासँग म सहमत छु।

(11) मैले पहिले नै अर्को नगरपालिकाबाट समान प्रकारको अनुदान रकम प्राप्त गरेको छैन।

# जानकारी भर्ने तरिका

• लेख्दा गल्ती भएमा गल्तीलाई दुई वटा धर्को तानेर काटेपछि, खाली ठाउँमा सही जानकारी लेख्नुहोस्।

**पछाडिको पृष्ठ पनि पढ्नुहोस्।**

**आवेदनपत्रको ① देखि ④मा बलपेन आदिको कालो मसीले लेख्नुहोस्। मेटिने बलपेन प्रयोग नगर्नुहोस्।**

## 令和６年度新たに住民税均等割のみ課税となった世帯向け 緊急支援給付金（10万円・こども加算）申請書

(宛先) 名古屋市長
以下のとおり申請します。

申請額

**1** ❶ 記入日 9 月 1 日

### 1 支給対象世帯 ※❶～❹を記入してください（裏面あり）

| No. | 対象世帯員氏名 **2** | 生年月日 |
|---|---|---|
| 1 | 名古屋　太郎 | 平成〇年〇月〇日 |
| 2 | | |
| 3 | | |
| 4 | | |
| 5 | | |
| 6 | | |

| **3** 世帯主（受給者）の氏名 | ❷ 署名（世帯主の氏名） | ❸ 連絡先電話番号★忘れずに記入してください。 平日9:00～17:00に連絡の取れる番号（できれば携帯電話番号） |
|---|---|---|
| 名古屋　太郎 | 名古屋　太郎 | 090 ( 1111 ) 1111 |

### 2 振込先口座名義の確認 **4**

(1) 世帯主・世帯員口座の場合

3 へお進みください

(2) それ以外の口座の場合（代理受給を行う場合）
下記の者を代理人と認め、本給付金の手続・受給を委任します。

| 代理人氏名 | 代理人連絡先 | 世帯主との関係 |
|---|---|---|
| | | 1．親族 2．法定代理人 3．それ以外 |

※裏面の必要書類を添付

「3」はコールセンターへ連絡

### 3 振込先口座情報 **5**

または（2）のいずれか一つを記入してください。

いずれか一つ

(1) 金融機関（ゆうちょ銀行を除く）

| 金融機関名 | 支店名 | 分類 | 口座番号 | 口座名義（カナ） |
|---|---|---|---|---|
| はちまる銀行 | なごや支店 | ① 普通 2．当座 | 1111111 | ナゴヤ　タロウ |

(2) ゆうちょ銀行

| ゆうちょ銀行 | （通帳）記号 | （通帳）番号 | 口座名義（カナ） |
|---|---|---|---|
| 通帳・キャッシュカードの［記号・番号］を記入 | 12110 | 12345671 | ナゴヤ　タロウ |

**記入された口座情報（通帳等）の写しを裏面に貼付してください**

事務局使用欄（記入不要）

---

1. पेस गर्ने दिनको **मिति** लेख्नुहोस्।

2. रकम भुक्तानीको दायरामा पर्ने परिवारको सदस्यको नाम र जन्ममिति निश्चय गर्नुहोस्।

3. प्रिन्ट गरिएको रकम प्राप्त गर्ने व्यक्तिको **नाम** लेख्नुहोस्।
   *रकम लिन अस्वीकार गर्ने खण्डमा हस्ताक्षर गर्ने ठाउँमा "अस्वीकार" भनेर लेखी फिर्ता पठाउनुहोस्।
   आवेदनपत्रको विवरण अपर्याप्त आदि भएको खण्डमा फोनद्वारा निश्चय गरिने अवस्थाहरू हुने हुनाले अनिवार्य रुपमा सोमबार ~शुक्रबार 9:00~17:00 बीचको समयमा सम्पर्क हुने **फोन नम्बर** (सम्भव भएमा मोबाइल फोन नम्बर) लेख्नुहोस्।

4. यदि आफ्नो प्रतिनिधि मार्फत लाभहरू प्राप्त गर्न चाहनुहुन्छ भने, कृपया आफ्नो प्रतिनिधिको नाम, घरपरिवारको प्रमुखसँगको सम्बन्ध र सोमबार~शुक्रबार(बिदाको दिन बाहेक) 9:00~17:00 को विचमा आफ्नो प्रतिनिधिलाई सम्पर्क गर्न सक्ने फोन नम्बर लेख्नुहोस्।

   [प्रतिनिधिको रूपमा भुक्तानी प्राप्त गर्न सक्ने व्यक्तिहरू]
   1. नजिकका नातेदार
   2. कानूनी प्रतिनिधि (वयस्क अभिभावक, क्यूरेटर, सहायक)
   3. अन्य (लाभार्थीसँग प्रतिनिधित्व सम्झौता भएको व्यक्ति (ग्यारेन्टी संस्था आदि))
   *यदि तपाईं आफ्नो प्रतिनिधि मार्फत लाभहरू प्राप्त गर्न चाहनुहुन्छ भने, तपाईंको प्रतिनिधिको परिचय खुलाउने प्रमाणपत्र (बीमा कार्ड, ड्राइभिङ्ग लाइसेन्स आदि) र प्राप्तकर्तासँगको सम्बन्ध पुष्टि हुने कागजातहरू पेश गर्नुपर्नेछ।

   *यदि तपाईं माथि दिइएको [3. अन्य] मा पर्नुहुने व्यक्ति हुनुहुन्छ भने कृपया कल सेन्टर (☎050-3135-3260) मा सम्पर्क गर्नुहोस् ।

5. • रकम ट्रान्सफर खाता लेख्दा "1 रकम भुक्तानी प्राप्त गर्न यग्य हुने परिवार"को "दायरामा पर्ने परिवारको सदस्यको नाम" अथवा "2 बैंक ट्रान्सफर खाता धारकको नाम निश्चय"मा प्रतिनिधिको रूपमा अनुमति प्राप्त व्यक्तिको खाता लेख्नुहोस्।
   • खातावालाको नाम, वित्तीय संस्थाको नाम, शाखाको नाम, खाताको प्रकार र खाता नम्बर निश्चय गर्न सकिने बैंक पासबुक अथवा ATM कार्ड, इन्टरनेट बैंकिङको स्क्रिनसट आदिको प्रतिलिपिलाई आवेदनपत्रको पछाडी पट्टि संलग्न गर्नुहोस्।

(1) वित्तीय संस्था (जापान पोस्ट बैंक बाहेक)

**बैंक** (जापान पोस्ट बैंक बाहेक) **वा सिन्किन बैंक जस्ता वित्तीय संस्थाको खाता निर्दिष्ट गर्ने (लेख्ने) खण्डमा**

बैंक (जापान पोस्ट बैंक बाहेक) र सिन्किन बैंक जस्ता बैंकहरू पासबुक खोलेको अवस्थाको तस्बिर




खातावालाको नाम

वित्तीय संस्थाको नाम र शाखाको नाम

खाताको प्रकार र खाता नम्बर

※通帳のデザインは金融機関により多少異なります。

(2) जापान पोस्ट बैंक

**जापान पोस्ट बैंकको खाता निर्दिष्ट गर्ने (लेख्ने) खण्डमा**

जापान पोस्ट बैंक　पासबुक खोलेको अवस्थाको तस्बिर




संकेत नम्बर र नम्बर

खातावालाको नाम

この印刷物は、古紙パルプを含む再生紙を使用しています。